प्रेस विज्ञप्ति

# नेपाल र विश्व बैंकद्वारा भूकम्प जोखिमका लागि विपद् (क्याटास्ट्रोफ) बण्ड विकास गर्ने साझेदारीको घोषणा

२०८३ साल आश्विन २९ गते बिहिबार (अक्टोवर १५, २०२६)— माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र विश्व बैंकका उच्च अधिकारीहरुबीच हालसालै भएको भेटवार्ता बमोजिम भूकम्पबाट हुनसक्ने जोखिम कम गर्न तथा यस्तो विपद्को क्षति अन्तराष्ट्रिय बजारको माध्यमबाट व्यहोर्ने प्रबन्धका लागि नेपाल र विश्व बैंक समूहबीच विपद् (क्याटास्ट्रोफ) बण्डको विकास तथा जारी गर्ने सम्बन्धमा सम्झौता सम्पन्न भएको छ। उक्त म्यान्डेट सम्झौता (Mandate Agreement) मा नेपालको तर्फबाट मा. अर्थमन्त्रीज्यूको समुपस्थितिमा अर्थ सचिव डा. घनश्याम उपाध्याय र विश्व बैंकको तर्फबाट बैंकका ट्रेजरी उपाध्यक्ष जोर्जे फमिलियर काल्डेरोनले हस्ताक्षर गर्नुभएको थियो।

यस सम्झौताले नेपालमा ठूलो भूकम्प गएको अवस्थामा नेपालले छिटो रकम प्राप्त गर्न सक्ने आधार तयार गरेको छ। नेपाल भूकम्प लगायत अन्य विपद्को दृष्टिले उच्च जोखिममा रहेको सन्दर्भमा यस सम्झौताले नेपालको विपद् जोखिम व्यवस्थापनलाई पुँजी बजारसँग आवद्ध गर्न सहयोग गर्ने र जोखिम न्यूनीकरण, पूर्वतयारी र वित्तीय संरक्षणका उपायहरूको संयोजनमार्फत भविष्यमा आउन सक्ने प्राकृतिक विपद्हरूका लागि अझ राम्ररी तयारी हुन र तिनको सामना गर्न र तिनबाट पुनर्लाभ गर्न सहयोग गर्ने विश्वास गरिएको छ।

यस सम्झौता बमोजिम विश्व बैंक समूहको ट्रेजरी विभागले नेपाल सरकार र बजारका सहभागीहरूसँग मिलेर यस्तो बजार उपकरणको सम्भाव्यता र सम्भावित संरचनाको मूल्याङ्कन गरी विपद् बण्डको विकास तथा जारी गर्नेछ। विपद् बण्ड जस्ता पूँजी बजार उपकरणले विपद्का उच्च जोखिम रहेका मुलुकहरूलाई जोखिम हस्तान्तरण गर्न र प्राकृतिक प्रकोपविरुद्ध वित्तीय संरक्षणका लागि अन्तर्राष्ट्रिय पुँजी बजारमा पहुँच बढाउन मद्दत गर्ने अपेक्षा गरिन्छ।

उक्त कार्यक्रममा अर्थ मन्त्रालय एवं विश्व बैंकका उच्च पदस्थ अधिकारीहरुको सहभागिता रहेको थियो।

*बैंकक, अक्टोबर १५, २०२६*

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं